नेपालको पहिलो बैंक | नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

## प्रधान कार्यालय,
## मानवश्रोत व्यवस्थापन विभाग

## करार सेवामा भर्ना गर्ने सम्बन्धी सूचना

मिति: २०७५/०२/१७

यस बैंकको देहायका विभिन्न शाखामा रिक्त रहेका निम्न पदहरुमा खुला प्रतियोगिताद्धारा करार सेवामा पूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट मिति २०७५/०२/१७ देखि दरखास्त आव्हान गरिएको छ । दरखास्त फारमका साथ नागरिकता र दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र, हालसालै खिचेको पासपोर्ट साइजको ३ प्रति फोटो र तोकिएको शुल्क तिरी मिति २०७५/०३/०६ गते सम्म दरखास्त पेश गर्नुपर्नेछ । म्याद भित्र दाखिला नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुनेछैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम पेश गरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ ।

| रिक्त रहेको शाखा | विज्ञापन नं. | पद | तह | संख्या | दरखास्त पेश गर्नुपर्ने शाखा (दरखास्त संकलन केन्द्र) |
|---|---|---|---|---|---|
| शान्तिपुर शाखा, गुल्मी | २०७४/७५/१२२ | सहायक | ४ | २ | नेपाल बैंक लिमिटेड, पाल्पा शाखा |
| छहरा शाखा, पाल्पा | २०७४/७५/१२३ | | | २ | |
| रामनगर शाखा, रुपन्देही | २०७४/७५/१२४ | | | २ | नेपाल बैंक लिमिटेड, खस्यौली शाखा |
| ठुटेपिपल शाखा, रुपन्देही | २०७४/७५/१२५ | | | २ | नेपाल बैंक लिमिटेड, सिद्धार्थनगर शाखा |
| भालुबाङ्ग शाखा, दाङ्ग | २०७४/७५/१२६ | | | २ | नेपाल बैंक लिमिटेड, दाङ्ग शाखा |
| तुल्सिपुर शाखा, दाङ्ग | २०७४/७५/१२७ | | | २ | |
| जौबारी शाखा, गोर्खा | २०७४/७५/१२८ | | | २ | नेपाल बैंक लिमिटेड, डुम्रे शाखा |
| बर्दिबास शाखा, महोत्तरी | २०७४/७५/१२९ | | | २ | नेपाल बैंक लिमिटेड, गौशाला शाखा |
| बेदकोट शाखा, कञ्चनपुर | २०७४/७५/१३० | | | २ | नेपाल बैंक लिमिटेड, महेन्द्रनगर शाखा |
| बिलासपुर शाखा, कंचनपुर | २०७४/७५/१३१ | | | २ | |
| तालचोक शाखा, कास्की | २०७४/७५/१३२ | | | २ | नेपाल बैंक लिमिटेड, पृथ्वीचोक शाखा |
| धादिङ्गबेशी शाखा, धादिङ्ग | २०७४/७५/१३३ | | | २ | नेपाल बैंक लिमिटेड, त्रिशुली शाखा |

(१) न्यूनतम शैक्षिक योग्यता : मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातक उत्तिर्ण ।

(२) सेवाको किसिम : करार (२ बर्ष)

(३) तलव तथा अन्य सुविधा: करार सम्झौतामा उल्लेख गरिनेछ ।

(४) उम्मेदवारको उमेर: दरखास्त दिने अन्तिम मिति (अर्थात २०७५/०३/०६ गते) सम्ममा १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० बर्ष ननाघेको ।

(५) उम्मेदवारको छनौट विधि: लिखित परीक्षा तथा अन्तरवार्ता ।

(६) परीक्षा कार्यक्रम/परीक्षा केन्द्र : उपरोक्त पदहरुको लिखित परीक्षा मिति २०७५/०३/२३ गते सञ्चालन हुनेछ । परीक्षा केन्द्र सम्बन्धी जानकारी मिति २०७५/०३/१७ गते बैंकको website: http://www.nbl.com.np/post/about-us/careers तथा दरखास्त संकलन गरिएको शाखाको सूचना पाटीमा प्रकाशन गरिनेछ ।

(७) परीक्षा शुल्क : रु.६००/- (छ सय मात्र) ।
(रीत नपुगी अस्वीकृत भएका आवेदनहरुको शुल्क फिर्ता हुने छैन ।)

(८) परीक्षा शुल्क बुझाउने विधि : तोकिए बमोजिमको परीक्षा शुल्क नेपाल बैंक लिमिटेडको परीक्षा हिसाव नं. ००२००१००५२२५५९००००० मा जम्मा गर्नुपर्नेछ र सोको सक्कल भौचर दरखास्तका साथ पेश गर्नुपर्नेछ ।

(९) दरखास्त फारम तथा लिखित परीक्षाको पाठ्यक्रम यस बैंकको website: www.nbl.com.np मा हेर्न र Download गर्न सकिनेछ ।

**पुनश्च :**

छनौट भई करार सेवामा नियुक्त हुने कर्मचारीहरुलाई दरखास्त माग गरिएका उपरोक्त शाखामा मात्र खटाइने भएकाले उक्त शाखामा काम गर्न इच्छुक उम्मेदवारहरुले दरखास्त फारममा जुन शाखाका लागि आवेदन दिएको हो सो शाखाको नाम र विज्ञापन नम्वर अनिवार्य रुपमा उल्लेख गरी तोकिएका दरखास्त संकलन केन्द्रहरुमा पेश गर्नुपर्नेछ । उपरोक्त बमोजिम तोकिएका संकलन केन्द्र बाहेक अन्यत्र दरखास्त फारम संकलन नगरिने व्यहोरा समेत यसै सूचनद्धारा जानकारी गराईन्छ ।